बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

पत्र संख्याः २०८१/८२

## दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०१/०३**

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम "दुग्धजन्य पदार्थ निर्यात प्रोत्साहन अनुदान कार्यक्रम" सञ्चालनको लागि दुग्धजन्य पदार्थ निर्यात प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अनुसार न्यूनतम मापदण्ड पुरा गरेका कृषक समुह/संघ/कृषि सहकारी/कम्पनी र निजी फर्मले तपशिल वमोजिमको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८२/०२/०१) कार्यालय समयमा आइपुग्ने गरी यस वोर्ड वा जिल्ला स्थित पशु सेवा कार्यालयमा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा सुचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

आवेदनका साथ संलग्न राख्नुपर्ने कागजातहरु,

१. अनुसुचि-२ बमोजिमको आवेदन-पत्र
२. संस्था दर्ता र नविकरण प्रमाण पत्रको प्रतिलिपी,
३. संस्था दर्ता, प्यान, भ्याट प्रमाण पत्रको प्रतिलिपि,
४. पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्योगको हकमा दूध संकलन वा दूध खरिदको प्रमाण पेश गर्ने
६. अन्य आवश्यक कागजातहरु

नोटः- थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०४९१ ०५७-५९०५९१, मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np वाट सम्बन्धित कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

२०८२/०१/०३

डा. राम प्रकाश प्रधान
निर्देशक

Scanned with CamScanner